## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु **कृष्णहरी भट्टराई, गोपाल कुमार अधिकारी, केशव कुमार शाक्य र लालबाबु मण्डल** मु.नं (०८०-CR-०१९२) फैसला मिति २०८१/०५/३१ | गैरकानुनी लाभहानी गरी भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>• प्रतिवादीहरु **कृष्णहरी भट्टराई र गोपाल कुमार अधिकारीले** पुस्तकालय व्यवस्थापन तर्फ निकासा भएको आ.व.२०७४/०७५ को बजेटमा झुठा बिल भरपाई पेश गरी हिनामिना गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा रु. ४,६०,४५५।- (चार लाख साठी हजार चारसय पचपन्न रुपैंया) बिगो कायम गरी ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिमको सजाय हुन र उक्त बिगो असुल उपर हुन र **प्रतिवादीहरु कृष्णहरी भट्टराई र गोपाल कुमार अधिकारीले** खानेपानी व्यवस्थापनमा निकासा भएको बजेटमा खानेपानी सम्बन्धि कुनै काम नै नगरी रु.३,४३,०००।-(अक्षरेपि तीन लाख त्रिचालीस हजार रुपैंया) निकाली दुरुपयोग गरी हिनामिना गरेको पुष्टि भएकोले सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेकोले बिगो रु.३,४३,०००।- कायम गरी ऐ. दफा १७ ले निर्देशित गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड खण्ड (घ) बमोजिमको कैद र ऐ.ऐ. ऐनको दफा ३(१) अनुसारको बिगो बमोजिमको जरिवाना गरी ऐ.ऐ. ऐनको दफा १७ बमोजिम हानी नोक्सानी, दुरुपयोग, हिनामिना गरेको रकम रु.३,४३,०००।-(तीन लाख त्रीचालीस हजार) असुल उपर हुन मागदावी लिइएको देखिन्छ।<br>• **प्रतिवादी लालबाबु मण्डल समेतले** खानेपानी व्यवस्थापनमा निकासा भएको बजेटमा खानेपानी सम्बन्धि कुनै काम नै नगरी रु.३,४३,०००।-(अक्षरेपि तीन लाख त्रिचालीस हजार रुपैंया) निकाली दुरुपयोग गरी हिनामिना गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भएकोले निज **प्रतिवादी लालबाबु मण्डललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.३,४३,०००।-(अक्षरेपि तीन लाख त्रिचालीस हजार रुपैंया) कायम | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• आरोप पत्रमा दावी गरिएको ल्याप्टप तर्फको विगोको हकमा हेर्दा, मिति २०७५/०३/३७ मा विद्यालयको खातामा जम्मा हुनु अगाडि नै अनलाइन कम्प्युटर धरानको बिजक नं. २९ बाट मिति २०७४/७/१९ को बिलबाट खरिद भएको रु.५०,०००/- को HP ल्याप्टपको झुटा बिल पेश गरेको भनी आरोपदावी गरिएतापनि उक्त मितिमा सो ल्यापटप कुन स्रोतबाट खरिद गरिएको थियो सोको भुक्तानी भैसकेको हुँदा दोहोरो भुक्तानी भएको र यसरी अन्य स्रोतबाट खरिद भएको भन्ने तथ्य पुष्टि हुन नसकेको अवस्थामा कुनै त्रुटिवस बिलमा २०७४/०७/१९ मिति लेखिएको आधारमा मात्र बिल नक्कली हो भनी निस्कर्ष गर्न मिलेन।<br>• प्रतिवादी कृष्ण कुमार भट्टराई र लालबाबु पण्डितको खानेपानी व्यवस्थापन तर्फको बिगो रकम रु.३,४३,०००।—सम्बन्धमा यी प्रतिवादीहरुले आफुले विद्यालय छाडनु अघि सबैको सल्लाह अनुसार सदनियतले नै चेकहरुमा दस्तखत गरी चेक छाडि दिएको देखिन आयो।आरोप दावी बमोजिम निजहरुको बदनियतपूर्ण संलग्नता देखिन आएन।<br>• प्रतिवादी कृष्णहरि भट्टराई, गोपाल कुमार अधिकारी र केशव कुमार शाक्यलाई पुस्तकालय व्यवस्थापन तर्फको बिगो रु.४,१०,४५५।-भएकोले निजहरुको हकमा दामाशाहीले जनही रु.१,३६,८१८/३३ जरिवाना र तीन महिना कैद सजाय गरी जनही बिगो रु.१,३६,८१८/३३ असुल उपर हुने। | • जिल्ला संखुवासभा धर्मदेवी नगरपालिका वडा नं. ४ हुम्लिङ्गमा रहेको शारदा माद्यमिक विद्यालयमा खानेपानी आपुर्तिको लागि प्रदेश नं.१ बाट आ.व.२०७५/०७६ मा विनियोजित भएको रु. ५,००,०००।- र पुस्तकालय व्यवस्थापनको लागि आ.व. २०७४/०७५ मा जिल्ला शिक्षा कार्यालयबाट निकासा भएको रु. ६,००,०००।- बाट कुनै पनि कामको शुरुवात नै नगरी एकतर्फीरुपमा विल भरपाई मिलाई रकम अनियमितता गरेको हुँदा उक्त कार्यमा संलग्न विद्यालय व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष गोपाल कुमार अधिकारी समेत उपर आवश्यक कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरु उक्त विधालयको पुस्तकालय व्यवस्थापन तर्फको बजेटबाटै खरीद गरेको भनिएको स्थलगत अनुगमन मुचुल्काको क्रममा फेला परेको अनलाईन कम्पुटर धरानबाट रु.५०,०००।- मा खरीद गरेको भनिएको HP ल्याप्टप थान-१ समेत शारदा माद्यमिक विद्यालय हुम्लिङ्गलाई पुस्तकालय व्यवस्थापनको लागि रु.६,५०,०००।- रकम निकासा गर्ने भन्ने तत्कालिन जिल्ला शिक्षा कार्यालय संखुवासभाको मिति २०७४।१२।२० को निर्णय हुनु अगाडि नै अर्थात मिति २०७४।०७।१९ मा अनलाईन कम्प्युटर धरानको बिजक नं. २९ बाट रु. ५०,०००।- मा खरीद भएको ल्याप्टपको बिल समेत सोही पुस्तकालय व्यवस्थापनको बजेटबाटै खरीद गरेको भनी बिल पेश गरेको देखिन्छ।शारदा माद्यमिक विद्यालयका तत्कालिन प्रधानाध्यापक कृष्णहरी भट्टराई, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल कुमार अधिकारीले जिल्ला शिक्षा विकास तथा समन्वय ईकाईबाट पुस्तकालय व्यवस्थापनको लागि निकासा भएको रकम रु. ६,५०,०००।-बाट विद्यालयमा रकम निकासा हुनु भन्दा पहिले नै अन्य स्रोतबाट खरीद गरी ल्याएको रु.५०,०००।- मुल्य बराबरको ल्याप्टपको विलसमेत सोही पुस्तकालय व्यवस्थापनको लागि निकसा रकमबाट खरीद गरेको भनी उक्त बिल संलग्न राखी पुस्तकालय व्यवस्थापनको लागि प्राप्त रकमबाटै रु.५०,०००।-(पचास हजार रुपैयाँ) मा खरिद गरेको देखाई प्रतिवादी कृष्णहरि भट्टराई र गोपाल कुमार अधिकारीले सो रकम समेत भुक्तानी लिई गैह्रकानुनी रुपमा लाभ लिई सरकारी रकम हिनामिना गरि भष्टाचारजन्य कसूर गरको पुष्टि हुने उल्लिखित तत्कालिन जिल्ला शिक्षा कार्यालय संखुवासभाको मिति २०७४/१२/२० को निर्णय, अनलाईन कम्प्युटर धरानको मिति २०७४/०७/१९ को बिजक नं.२९ को बिल, प्रतिवेदक नविन राई समेतको प्रतिवेदनएवं सर्जमिन मुचुल्का तथा निज प्रतिवेदक नविन राई समेतको बकपत्र समेतबाट पुष्टि भई रहेको अवस्थामा उक्त प्रमाणको अनदेखा गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेकोले बदर भागी छ।<br>• तत्कालिन प्रदेश नं. १ सामाजिक विकास मन्त्रालयबाट खानेपानी व्यवस्थापनको लागि आ.व. २०७५/०७६ मा निकासा भएको बजेट रकम रु. ४,९०,०००।-(चार लाख नब्बे हजार) मध्येबाट उक्त खानेपानी व्यवस्थापन सम्बन्धी कुनै पनि कार्य नै नगरी सोको ७०% अर्थात रु. ३,४३,०००।- (तीनलाख त्रिचालीस हजार) रकम निज कृष्णहरी भट्टराई र शिक्षक लालबाबु मण्डलले दस्तखत गरी मिति २०७६।०३।१६ र मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी ऐ. ऐनको दफा १७ ले निर्देशित गरे बमोजिम ऐ.ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद र ऐ.ऐ. ऐनको दफा ३(१) अनुसारको बिगो बमोजिमको जरिवाना गरी ऐ.ऐ. ऐनको दफा १७ बमोजिम हानीनोक्सानी, दुरुपयोग, हिनामिना गरेको रकम रु. ३,४३,०००।-(तीन लाख त्रीचालीस हजार) असुल उपर हुन मागदावी लिइएको देखिन्छ।<br>• **प्रतिवादी शाक्य अफसेट प्रेस चैनपुरका प्रोप्राईटर केशब कुमार शाक्यले** शारदा माध्यमिक विद्यालय हुम्लिङ्गका विद्यालय व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष गोपाल कुमार अधिकारी र प्रधानाध्यापक कृष्णहरी भट्टराईसँग मिलेमतो गरी विद्यालयमा पुस्तक खरीद/बिक्री गरेका झुठा बिल बनाई उपलब्ध गराई विद्यालयलाई प्राप्त अनुदान रकम रु. ६,५०,०००।–(छ लाख पचास हजार) मध्ये सोही झुठा बिलमा उल्लिखित रकम रु.४,१०,४५५।- (चार लाख दश हजार चारसय पचपन्न रुपैंया) बराबरको सरकारी रकम हिनामिना गरी गैह कानुनी लाभहानी गर्ने कार्यमा मतियारको भूमिका निर्वाह गरेको तथ्य पुष्टी हुन आएकोले निज प्रतिवादी **केशब कुमार शाक्यले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरको ऐ.ऐ. ऐनको दफा २२ को प्रतिबन्द्धात्मक वाक्यांशमा व्यवस्था भए बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादी **केशब कुमार शाक्यलाई** बिगो रु.४,१०,४५५।- (चार लाख दश हजार चारसय पचपन्न रुपैंया) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी ऐ.ऐ. ऐनको दफा २२ को प्रतिवन्धात्मक व्यवस्था बमोजिम मुख्य कसुरदारलाई भए सरहकै कैद जरिवानाको सजाय हुन साथै बिगो असुलउपर हुन समेतको मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रस्तुत मुद्दामा पुस्तकालय व्यवस्थापन तर्फको बजेटबाट रु.७३५५/- को मात्र पुस्तकहरु खरिद गरी रु.४,१७,८१०।— मुल्य बराबरको पुस्तकहरु खरिद गरेको बिलहरु प्रतिवादीहरु कृष्णहरि भट्टराई र | | २०७६।०३।०३१ मा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल कुमार अधिकारीले निकालेको देखिन्छ।विद्यालयका पुर्व प्रधानाध्यापक कृष्णहरी भट्टराई मिति २०७५।११।२१ मा नै भगवती माध्यमिक विद्यालयमा रमाना भै गएको देखिन्छ भने शिक्षक लालबाबु मण्डल मिति २०७५।१२।२० मा शिक्षक सेवा आयोगको परीक्षामा अनुत्तीर्ण भई विद्यालयबाट अवकास लिई अन्यत्र गएको देखिन्छ।यसरी उक्त विद्यालयमा नै नरहेका शिक्षकहरु कृष्णहरी भट्टराई र लालबाबु मण्डलको दस्तखत गरी गराई गैह्रकानुनी तवरले उक्त सरकारी रकम रु.३,४३,०००।- विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल कुमार अधिकारीको नाममा चेक नं. ००१६७६६३३३ बाट मिति २०७६।०३।१६ मा रु.३,००,०००।- र चेक नं. ०१६७६६३३६ बाट मिति २०७६।०३।३१ रु. २,५०,०००।- रकम विद्यालय व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष गोपाल कुमार अधिकारीले विद्यालयको खाताबाट निकालेको शिक्षा विकास तथा समन्वय ईकाई संखुवासभाको पत्रसाथ प्राप्त कागजात एवंम् राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय चैनपुरको पत्रसाथ प्राप्त बैंक स्टेटमेण्ट र चेकको फोटोकपि लगायतका कागजातबाट देखिएको हुँदा शारदा माध्यमिक विद्यालयका तत्कालिन प्रधानाध्यापक कृष्णहरी भट्टराई, शिक्षक लालबाबु मण्डल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल कुमार अधिकारी समेतले मिलेमतो गरी विद्यालयको खाताबाट उक्त खानेपानी व्यबस्थापनको लागि निकासा भएको रकम रु. ४,९०,०००।- मध्येबाट प्रथम किस्ता रु.३,४३,०००।- समेत निकाली उक्त खानेपानी सम्बन्धी कुनैपनि कार्य नगरी प्रतिवादी कृष्णहरि भट्टराई र लालबाबु मण्डल समेतले उक्त विद्यालयबाट सरुवा तथा अवकाश भई गइसकेपछि पनि चेकमा हस्ताक्षर गरी रकम भुक्तानी समेत लिई सरकारी रकम हिनामिना गरी भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि हुँदा हुँदै उल्लिखित तथ्य प्रमाणहरुलाई नजर अन्दाज गरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• अतः माथि विवेचित आधार र कारण समेतबाट विशेष अदालत काठमाण्डौबाट प्रतिवादी कृष्णहरि भट्टराई, गोपाल कुमार अधिकारीलाई आरोप दावी बमोजिमको कसुर ठहर नगरी आंशिक कसूर कायम हुने र कम बिगो कायम तथा बिगो दामासाही गरी, प्रतिवादी केशव कुमार शाक्यलाई आरोप दावी बमोजिमको कसूर ठहर गरी बिगोको हकमा दामासाही गरी र अर्का प्रतिवादी लालबाबु पण्डितलाई आरोप दावीबाट सफाई पाउने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले आरोप पत्र मागदावी बमोजिम सजाय गरि पाउन सादर अनुरोध छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गोपाल कुमार अधिकारीले बदनियतपूर्वक भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)(ङ) बमोजिमको कसुर गरेको देखिंन आयो भने सो कार्यमा झुट्टा बिल बनाई प्रतिवादी केशव कुमार शाक्यले मतियारको भूमिका निर्वाह गरी ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसूर गरेको देखिन आयो। उक्त कसुरमा प्रतिवादी कृष्णहरि भट्टराई र गोपाल कुमार अधिकारीलाई सोही ऐनको दफा ८(१) बमोजिम रु.४,१०,४५५।— बिगो भएकोमा निजहरु र पुस्तकको बिल दिने केशव कुमार शाक्यको हकमा दामाशाहीले रु.१,३६,८१८।३३ बिगो कायम गरी बिगो बमोजिम जनही रु. १,३६,८१८।३३ र तीन महिना कैद सजाय हुने ठहर्छ। प्रतिवादी केशव कुमार शाक्यलाई समेत निज प्रतिवादीहरु सरह बिगो बमोजिम जरिवाना रु.१,३६,८१८।३३ र तीन महिना कैद सजाय हुने ठहर्छ। साथै सोही दफा ८(१) बमोजि निजहरु तीनै जनाबाट जनही बिगो रु.१,३६,८१८।३३ असुर हुने समेत ठहर्छ। ल्याप्टपको बिगो सम्बन्धमा मिति २०७५/०३/३७ मा विद्यालयको खातामा जम्मा हुनु अगाडि नै अनलाइन कम्प्युटर धरानको बिजक नं. २९ बाट मिति २०७४/७/१९ को बिलबाट खरिद भएको रु.५०,०००/- को HP ल्याप्टपको झुटा बिल पेश गरेको भनी आरोपदावी गरिएतापनि उक्त मितिमा सो ल्यापटप कुन स्रोतबाट खरिद गरिएको थियो सोको भुक्तानी भैसकेको हुँदा दोहोरो भुक्तानी भएको र यसरी अन्य स्रोतबाट खरिद भएको भन्ने तथ्य पुष्टि हुन नसकेको अवस्थामा कुनै त्रुटिबस बिजमा २०७४/०७/१९ मिति लेखिएको आधारमा मात्र बिल नक्कली हो भनी निस्कर्ष गर्न मिलेन यस तर्फको दावी स्थापित हुन सक्ने देखिएन।<br>• विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन तर्फ प्रतिवादी गोपाल कुमार अधिकारीले मात्र उक्त रु.३,४३,०००।— बराबरको बदनियतपूर्वक सार्वजनिक सम्पत्ति हिनामिना गरेको देखिन आएकोले निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम कसूर गरेको देखिन आयो। अतः प्रतिवादी गोपाल कुमार अधिकारीलाई खानेपानी व्यस्थापनमामा हिनामिना गरेको तर्फ सोही ऐनको दफा १७ को | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपदफा (१) अनुरुप दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम ६ महिना कैद र उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना रु.३,४३,०००।— हुने एंव दफा १७ बमोजिम उक्त बिगो रु.३,४३,०००।—निजबाट असुर उपर हुने समेत ठहर्छ। प्रतिवादी कृष्णहरी भट्टराई र प्रतिवादी लालबाबु मण्डलका हकमा खानेपानी व्यवस्थापन तर्फ निजहरुको बदनियतपरुण संलग्नता देखिन नआएकोले सो हदसम्म निजहरुको हकमा आरोप दाबी पुग्न सक्दैन भनी विशेष अदालत काठमाडौंबाट फैसला भएको अवस्था छ। | | |